# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग

## रुपैयाँ ५०० दरको नोट प्रचलनमा ल्याउने बारेको सूचना

यस बैंकले रुपैयाँ ५०० दरको साविककै आकार तथा रङ्गमा, सङ्केत नं. छ/३८ ००००0१ देखि झ/४२ ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ ५०० रुपैयाँ पाँच सय तुरुन्त पाइने छ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरु भएको नोट यही २०७८ साल पुस महिना ९ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोटको अग्र भागमा :**

१. नोटको बायाँतर्फ सगरमाथाको चित्र रहेको।

२. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको।

३. नोटमा गभर्नरको दस्तखत रहने स्थानमा गभर्नर महा प्रसाद अधिकारीको दस्तखत रहेको।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा "वि.सं. २०७७" लेखिएको।

५. ३.५ मि.मी. चौडा भएको रङ्ग परिवर्तन हुने (नोटलाई सीधा हेर्दा रातो रङ्ग र ढल्काएर हेर्दा हरियो रङ्ग देखिने) सुरक्षण धागो रहेको।

६. सगरमाथा हिमालको दायाँतर्फ अण्डाकारभित्र रङ्ग परिवर्तन हुने (नोटलाई सीधा हेर्दा सुनौलो रङ्ग र ढल्काएर हेर्दा हरियो रङ्ग देखिने) कुबेरको चित्र रहेको।

७. लालीगुराँसको पानी छापको बायाँतर्फ फरक क्षमता भएका (दृष्टिविहीन) हरुले स्पर्श गरेर नोटको दर पहिचान गर्नका लागि दुईवटा कालो थोप्लाहरु रहेको।

**नोटको पृष्ठ भागमा :**

१. नोटको मध्य भागको माथिल्लो खण्डमा अंग्रेजीमा "NEPAL RASTRA BANK" लेखिएको।

२. नोटको मध्य भागमा पाटेबाघको चित्र रहेको।

३. नोटको तल्लो भागमा अंग्रेजीमा "RUPEES FIVE HUNDRED" लेखिएको।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा "2020 A.D." लेखिएको।

**पुनश्च:**
यस अघि मिति २०७५ साल बैशाख महिना १२ गतेदेखि Series २०७३ रुपैयाँ ५०० दरको बैंकनोट सङ्केत नं. ङ/४६ ००००0१ देखि छ/४० ९९९९९९ सम्म चलनचल्तीमा ल्याइने भनी सूचना प्रकाशित गरिएकोमा सङ्केत नं. ङ/४६ ००००0१ देखि छ/३७ ९९९९९९ सम्म मात्र चलनचल्तीमा ल्याइएको व्यहोरा सूचित गरिन्छ।

मिति : २०७८-०९-०९

*"नोट राष्ट्रको सम्पत्ति हो यसको जतन गरौं।"*